## सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

विवरण अद्यावधिक: आ.ब. २०८१/८२ तेस्रो त्रैमास

१. <u>निकायको स्वरुप तथा प्रकृति:</u>

राष्ट्रिय जीवन बीमा कम्पनी २०२४ साल पौष १ गते कम्पनी ऐन, २०२१ अन्तर्गत प्राइभेट लिमिटेडको रुपमा स्थापित भई २०२५ साल पौष १ गते राष्ट्रिय जीवन बीमा संस्थान ऐन, २०२५ अन्तर्गत संस्थापन भएको र सोही ऐन बमोजिम परिचालित कम्पनी हो । शुरुमा यसले निर्जीवन बीमा व्यवसाय मात्र गर्दै आएकोमा २०२९ सालबाट जीवन बीमा व्यवसाय समेत गर्न थाल्यो । बि. सं. २०७१ सालबाट निर्जीवन बीमा व्यवसाय राष्ट्रिय बीमा कम्पनीलाई हस्तान्तरण गरी हाल कम्पनीले जीवन बीमा व्यवसायको कारोबार मात्र गर्दै आएको छ। हाल कम्पनीले २३ वटा शाखा कार्यालयहरु मार्फत आफ्नो व्यवसाय सञ्चालन गर्दै आएको छ। नेपाल सरकार मन्त्रिपरिषदको निर्णय तथा नेपाल बीमा प्राधिकरणको मिति २०८०।०७।१९ को पत्रानुसार कम्पनी दर्ता गर्ने प्रयोजनका लागि बीमा ऐन, २०७९ को दफा २६ बमोजिम स्वीकृति प्रदान भई कानुनत: मिति २०८०।०७।२० मा कम्पनीमा रुपान्तरण भई राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेडको नामबाट संचालित भएको अवस्था छ। नेपाल बीमा प्राधिकरणबाट कम्पनीलाई मिति २०८०।०८।१५ मा जीवन बीमकको व्यवसाय सञ्चालन प्रमाणपत्र प्रदान भएको साथै कम्पनी ऐन, २०६३ को दफा ६३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०८०।०९।०३ मा कारोबार स्वीकृति प्रदान भएको समेत अवस्था छ।

<u>शेयर संरचना:</u>

- नेपाल सरकार: २७.७७ प्रतिशत
- नेपाल राष्ट्र बैंक: ५५.५६ प्रतिशत
- नेपाल बैंक लिमिटेड: १६.६७ प्रतिशत

२. <u>निकायको काम, कर्तव्य र अधिकार:</u>

बीमा ऐन, २०७९ र बीमा नियमावली, २०८१ साथै कम्पनीको प्रवन्धपत्र एवं नियमावलीमा व्यवस्था भए बमोजिम यस निकायको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

- यस निकायका मुख्य कामहरूमा जीवन बीमाका विविध योजना सञ्चालन गर्नु, बीमितबाट प्रिमियम संकलन गर्नु, बीमा दाबी मूल्याङ्कन गरी समयमै भुक्तानी गर्नु, नियमानुसारको पुनर्बीमा गर्नु, बीमा सचेतना अभिवृद्धि गर्नु, ग्राहकलाई परामर्श सेवा प्रदान गर्नु, तथा संकलित रकमलाई सुरक्षित तथा लाभदायक क्षेत्रमा लगानी गर्नु।
- यस कम्पनीको कर्तव्यहरूमा बीमितहरूलाई गुणस्तरीय सेवा दिनु, नेपाल सरकार तथा नेपाल बीमा प्राधिकरणका निर्देशनको पालना गर्नु, पारदर्शिता कायम गर्नु, सामाजिक सुरक्षामा योगदान पुर्‍याउनु, र ग्राहकहितलाई केन्द्रमा राखी निष्पक्ष सेवा प्रवाह गर्नु।
- बीमा योजना निर्माण र सञ्चालन गर्ने, प्रिमियम दर निर्धारण गर्ने, दाबी छानबिन गर्ने, कानुनी प्रक्रिया अघि बढाउने तथा प्रचलित कानुनको अधिनमा रही आवश्यक नियम, विनियम, निर्देशिका, दिग्दर्शन र कार्यविधि बनाई लागू गर्ने र कम्पनीको उद्देश्य परिपूर्तिको लागि प्रचलित कानुनको अधिनमा रही आवश्यक अन्य कार्य गर्ने।

३. <u>निकायमा रहने कर्मचारीको संख्या र कार्य विवरण :</u>

- स्थायी कर्मचारीको संख्या : ९३ जना
- करारमा कार्यरत कर्मचारिको संख्या : बाह्य करार ५७ जना आन्तरिक करार १६ जना

४. <u>निकायबाट प्रदान गरिने सेवा:</u>

जीवन बीमा कम्पनीले दिन सक्ने सम्पूर्ण सेवाहरु

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

यस कम्पनिको नेपाल भित्र विभिन्न जिल्लामा २३ वटा शाखा कार्यालयहरु सञ्चालन भई सेवा प्रदान भइरहेको छ । कम्पनीको जिम्मेवार अधिकारीहरुको विवरण कम्पनीको वेवसाईट https://rbs.gov.np/ मा उपलब्ध छ ।

६. **सेवा प्रदान गर्न लाग्ने अवधि र दस्तुर:**

यस सम्बन्धी विवरण कम्पनीको वेवसाईट https://rbs.gov.np/ मा उपलब्ध छ ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकार:**

सम्बन्धित विभागबाट प्रक्रिया शुरु भई अख्तियारी सीमाको आधारमा निर्णय हुने । व्यवस्थापकीय प्रमुखका रुपमा कम्पनीको प्रमुख कार्यकारी अधिकृत तथा नीतिगत निर्णयकर्ताको रुपमा कम्पनीको सञ्चालक समिति रहेको छ ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकार:**

उजुरीको स्वरुप तथा प्रकृति अनुसार विभागिय प्रमुख, प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको सञ्चालक समिति रहेको छ ।

९. **सम्पादन गरेको कामको विवरण:**

जीवन बीमा सम्बन्धी कारोवार गर्दै आएको छ ।

१०. **सूचना अधिकारी र प्रमुखको नाम र पद:**

**प्रमुखको नाम र पद:**

प्रमुखको नाम: सुन्दर पन्थी

प्रमुखको पद: प्रमुख कार्यकारी अधिकृत

**सूचना अधिकारीको नाम र पद:**

सूचना अधिकारीको नाम: भोला नाथ घिमिरे

सूचना अधिकारीको पद: मुख्य व्यवस्थापक

११. **ऐन, नियम ,विनियम तथा निर्देशिकाको सूची:**

तपशिल बमोजिमका ऐन,नियम,विनियम तथा निर्देशिकाहरु यस कम्पनीका कार्यका लागि मुख्य रहेका छन् ।

- बीमा ऐन , २०७९ तथा बीमा नियमावली , २०८१
- कम्पनी ऐन , २०६३ तथा कम्पनी निर्देशिका, २०७२
- आयकर ऐन, २०५८ तथा आयकर नियमावली, २०५९
- श्रम ऐन , २०७४ तथा श्रम नियमावली , २०७५
- सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी ऐन, २०६४ तथा सम्पत्ती शुद्धीकरण निवारण नियमावली, २०७३
- सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली , २०६४
- बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०
- दाबी भुक्तानी मार्गदर्शन, २०८१
- सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी संशोधन) सहितनिर्देशन (, २०८१
- बैदैशिक रोजगार म्यादी बीमालेख निर्देशन, २०८०
- जीवन बीमकको लगानी निर्देशन (दोस्रो संशोधन), २०८०
- कम्पनीको प्रवन्धपत्र ,नियमावली लगाएत सञ्चालक समितिबाट स्वीकृत कार्यविधिहरु
- नियमनकारी निकाय बीमा प्राधिकरण तथा अन्य सम्वन्धित निकायहरुबाट जारी गरिएका विभिन्न निर्देशिका, मार्गदर्शन तथा परिपत्रहरु

१२. **आम्दनी ,खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:**

कम्पनीको उक्त विवरण कम्पनीको वेवसाइट https://rbs.gov.np/ मा उपलब्ध छ ।

१३. **तोकिए बमोजिमका अन्य विवरण:** छैन।

१४. **अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**
यस कम्पनीले विभिन्न समयमा तालिम, अन्तरक्रिया, गोष्ठी आदि सञ्चालन गर्दै आएको छ।

१४. **अघिल्लो आर्थिक बर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण:**
यस कम्पनीले विभिन्न समयमा तालिम, अन्तक्रिया, सम्मेलन आदि सञ्चालन गर्दै आएको छ।

१५. **सार्वजनिक निकायको वेभसाइड भए सोको विवरण:**
https://rbs.gov.np/ ।

१६. **सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता ,ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण:**
नभएको।

१७. **सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन:**
बार्षिक प्रतिवेदनहरुमा उल्लेख गर्ने गरिएको ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि:**
नगरेको।

१९. **सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**
नपरेको।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण:**
नियमनकारी निकायहरुमा रिपोर्ट गरेका विवरणहरु उक्त निकायहरुबाट आवश्यक परेमा प्रकाशन तथा उल्लेख गरेको हुन सक्ने।


राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड
Rastriya Jeewan Beema Company Limited

CONTACT NO.
+977-01-5362520

EMAIL
info@rbs.gov.np

ADDRESS
Ramshahpath, Kathmandu


राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड